# श्री कीर्तिचौर माध्यमिक विद्यालय

# SHREE KIRTICHAUR SECONDARY SCHOOL

गौमुल– ४,कालादह बाजुरा (GAUMUL-4,KALADAHA BAJURA)

स्था. २०३२(Estd.2032)

IEMIS CODE :-670220002 NEB CODE:- 67012 SEE CODE :69009

प.स.२०८३

च.न.१५५

मिति:२०८३।०३।३०

**विषयः सरुवा सहमतिका लागि दरखास्त आव्हान सम्बन्धमा ।**

**श्री सम्बन्धित सबै ।**

प्रस्तुत विषयका सम्बन्धमा यस विद्यालयमा माध्यमिक तह तृतीय श्रेणी को सामाजिक विषयमा १ (एक) शिक्षक दरबन्दी रिक्त रहेको हुँदा शिक्षा नियमावली, २०५९ (दशौं संशोधन, २०८३) को सरुवा सम्बन्धी व्यवस्था बमोजिम उक्त दरबन्दी शिक्षक सरुवामार्फत पूर्ति गर्नुपर्ने भएकाले माध्यमिक तह तृतीय श्रेणीको स्थायी दरबन्दीमा कार्यरत तथा सरुवाका लागि योग्य, इच्छुक शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिदेखि १५ दिन (मिति २०८३।०४।१२ सम्म, कार्यालय समय) भित्र सरुवा सहमतिका लागि दरखास्त आव्हान गरिएको छ ।

मान बहादुर बडुवाल
प्रधानाध्यापक

पेश गर्नुपर्ने कागजातहरुः

१. सरुवाका लागि निवेदन ।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
३. आफ्नो सेवा अवधि खुल्ने कागजात ।
४. स्थायी / अस्थायी नियुक्तिपत्रको प्रमाणित प्रतिलिपी ।
५. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी ।
६. हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा शुरु हाजिरी भएको कागजात ।
७. असाधारण तथा बेतलबी विदा लिए/नलिएको सम्बन्धित कागजात ।
८. विद्यालयको सहमति पत्र ।
९. सम्बन्धित स्थानीय तहको सहमति पत्र ।
१०. शिक्षा नियमावली (दशौं संशोधन, २०८३) बमोजिम प्राथमिकता दाबी गर्ने प्रमाण/कागजात (आवश्यक भएमा) ।
११. शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिमको फारम ।

उक्त अवधिभित्र प्राप्त निवेदनहरु शिक्षा नियमावली, २०५९ (दशौं संशोधन, २०८३) तथा प्रचलित कानुनबमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडी बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बोधार्थः**

१. *श्री शिक्षा विकास तथा समन्वय इकाई, बाजुरा* – जानकारीका तथा वेवसाइटमा प्रकाशनका लागि ।
२. *श्री शिक्षा, युवा तथा खेलकुद शाखा, गौमुल गाउँपालिका* – जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि ।
३. *श्री ४ नं. वडा कार्यालय, गौमुल गाउँपालिका वडा नं.४, निलासैन बाजुरा* – जानकारीका लागि ।
४. *विद्यालयको सूचना पाटी तथा वेबसाइट* – प्रकाशनका लागि ।

Email:-kirtichaurmavi@gmail.com , 9865617455H.M. 9848694469 Acc. 9748251821